बैठक नं: १९

आज मिति २०८० वैशाख १५ शुक्रबारका दिन यस देवचुली नगरपालिकाको १९औं कार्यपालिकाको बैठक नगर प्रमुख श्री हरि प्रसाद न्यौपानेज्यूको अध्यक्षतामा देवचुली नगरपालिकाको सभाहलमा तपशिल बमोजिमको उपस्थितिमा बस्यो ।

| क्र.सं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २. | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३. | श्री तिल प्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४. | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५. | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६. | श्री होमनाथ पौडेल | सदस्य | |
| ७. | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८. | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९. | श्री मिन बहादुर सोती मगर | सदस्य | |
| १०. | श्री भुमिसरा आले | सदस्य | |
| ११. | श्री नुन प्रसाद वाचे | सदस्य | |
| १२. | श्री बलिराम सापकोटा | सदस्य | |
| १३. | श्री रेप्ती कुमार घर्ती | सदस्य | |
| १४. | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५. | श्री एकदेव पौडेल | सदस्य | |
| १६. | श्री गोपाल थापा | सदस्य | |
| १७. | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८. | श्री केशव राज गौतम | सदस्य | |
| १९. | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २०. | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१. | श्री मधुमाया गुरुङ्ग | सदस्य | |
| २२. | श्री फुलमाया बि.क. | सदस्य | |
| २३. | श्री पार्वती कडेल | सदस्य | |
| २४. | श्री जानकी देवी गुरौ लामिछाने | सदस्य | |
| २५. | श्री जय बहादुर बि.क. | सदस्य | |
| २६. | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २७. | श्री गीता देवी बोट | सदस्य | |
| २८. | श्री मोहन प्रसाद मरासिनी | सदस्य सचिव | |

Scanned with CamScanner

## १९ औ कार्यपालिका बैठकको छलफल विषय:

मिति २०८०।०१।१५

१) भूमि सम्बन्धी कार्यको लागि जग्गा नाँप जाँच सम्बन्धमा,

२) हेवि उपकरण प्रयोग गरी नदिजन्य पदार्थ उत्खनन तथा संकलन सम्बन्धमा,

३) विपद जोखिम न्यूनीकरण तथा प्रति कार्ययोजना निर्माण सम्बन्धमा,

४) प्रस्तावित फोहोर मैला व्यवस्थापन क्षेत्रको सतहि ढुङ्गा विक्रि वितरण सम्बन्धमा,

५) न्यायिक समितिको निर्णय कार्यान्वन सम्बन्धमा ।

**देवचुली नगरपालिकाको उन्नाईसऔं कार्यपालिका बौठकबाट देहायका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।**

निर्णय नं १) भूमिहिन तथा अव्यवस्थित बसोबासि व्यवस्थापन सहजिकरण समितिको मिति २०७९।१२।२७ गतेको बैठकबाट निर्णय भई आएको भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासिको जग्गा व्यवस्थापन सम्बन्धी कार्यमा वडा नं ४ को शान्तिगैरा क्षेत्रको जग्गा नाप जाँच प्रकियाको लागि अन्य आवश्यक कागजात सहित जिल्ला भूमि आयोगको कार्यालय नवलपरासी (ब.सु.पू) मा लेखि पठाउने निर्णय गरियो।

निर्णय नं २) मिति २०८० बैशाक्ष ११ गतेको जिल्ला विपद ब्यबस्थापन समितिको निर्णय नं २ को १ (ग )को आधारमा देवचुली नगरपालिका अन्तर्गत भएर बग्ने लोकाहा खोला , बौलाहा खोला , बग्बई खोला, मुकुन्डे खोला र झराही खोलाको बिचमा थुप्रिएको नदिजन्य पदार्थ नियन्त्रित रुपले तोकिएको सवारीसाधनको प्रयोगमा संकलन/ढुवानी गरी किनारा लगाउने तथा संग्रह गरी नियमानुसारको राजश्व लिई नगर क्षेत्रभित्रका योजनामा प्रयोग गर्ने निर्णय गरियो साथै देवचुली नगरपालिकाको रामवास खण्ड र लक्ष्मीपुर खण्डबाट नदिजन्य पदार्थको उत्खनन/संकलन र बिक्री वितरणको कार्यको ठेक्का प्रक्रियामा रहेकाले ठेक्का बन्दोवस्त भएको अवस्थामा उक्त स्थानमा ठुला आकारको ढुंगा रहेकाले मानिसले घरेलु औजार/उपकरण प्रयोग गरी उत्खनन/ संकलन गर्न सम्भव नदेखिएकाले नगरपालिकाको निगरानीमा नियन्त्रित तवरले हेभी इक्युपमेन्ट प्रयोगको अनुमति दिने निर्णय गरीयो ।

निर्णय नं ३) विपद ब्यबस्थापन कोषमा विनियोजित बजेट बाट खर्च ब्यबस्थापन हुने गरी परामर्श सेवा मार्फत " विपद जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना" निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं ४) वडा नं ६ मा प्रस्तावित फोहोर मैला ब्यबस्थापन तथा प्रशोधन केन्द निर्माण स्थलको बाहिरी सतहमा देखिएका ढुंगा अनुगमन समितिको राय र प्रचलित कानून बमोजिम विक्रि वितरण गर्ने गरियो ।

निर्णय नं ५) न्यायिक समितिको मिति २०८०।०१।१४ गतेको निर्णय बाट रजिष्ट्रेशन लिखत पासलाई कार्यान्वयन गरी न्याय पाउँ भनि अम्बिका भट्टराईले दिएको निवेदन उपर सम्मानित जिल्ला अदालत र न्यायिक समितिबाट समेत फैसला भएकोले कार्यान्ययनको लागि कार्यपालिकमा पेस भएकोले न्यायिक समितिको निर्णयलाई कार्यपालिकाले कार्यान्वयन गर्ने निर्णय गरियो ।

२०८०/०१/१५

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

Scanned with CamScanner